

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज ७ गते सोमबार ❑ 23 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## निर्वाचन प्रणालीलाई पारदर्शी बनाएर जनताको विश्वास जगाउनुपर्ने आवश्यकता छ : सभापति देउवा

**रासस**
काठमाडौं, ६ असोज

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले निर्वाचन प्रणालीलाई पारदर्शी बनाएर जनताको विश्वास जगाउनुपर्ने आवश्यकता रहेको बताउनुभएको छ ।

संविधान दिवस, २०८१ का अवसरमा नेपाली कांग्रेस महिला विभागद्वारा पार्टीको केन्द्रीय कार्यालय सानेपामा आयोजित ' मिश्रित निर्वाचन प्रणाली' विषयक विवेचनात्मक छलफल कार्यक्रममा सभापति देउवाले देशमा समावेशी प्रणाली मात्रै हैन, समावेशी समाज पनि आवश्यक छ, यसका लागि पारदर्शी, जवाफदेही र उत्तरदायी व्यवस्था तथा निर्वाचन प्रणाली लागू गर्नुपर्छ भन्नुभयो । "नेपाल समावेशी राजनीतिमा आइसकेको छ, यसबाट पछि हट्दैन, हामीले शासन प्रणाली र निर्वाचन प्रणालीलाई अझ बढी पारदर्शी बनाएर जनताको विश्वास जगाउनुपर्ने आवश्यकता छ, नेपाल विभिन्न जातजातिको देश हो, शासनसत्तामा सबैको प्रतिनिधित्व मात्रै हैन, अधिकार प्राप्त भएको महसुस गराउन सक्नुपर्ने आवश्यकता छ, यसका लागि पार्टीले नेतृत्वदायी भूमिका खेल्छ", उहाँले भन्नुभयो ।

सभापति देउवाले जनताको विश्वास आर्जन गर्नका लागि उत्तरदायी पार्टी बनाउनु छ, यसका लागि सबै मिलेर लाग्नुछ भन्नुभयो । समानुपातिक समावेशीतालाई अझ प्रभावकारी बनाउने सन्दर्भमा पार्टीमा बहस सुरु भएको उल्लेख गर्दै उहाँले बहसले अझ बढी स्थान पाउने विश्वास रहेको बताउनुभयो ।

"हाम्रो देश एउटा समावेशी समानुपातिकको आधारमा अगाडि बढ्न लागिरहेको छ, यसका लागि जनता महत्वपूर्ण हुन्, सार्वभौमसत्ता सम्पन्न जनताको समर्थन अत्यन्तै आवश्यक हुन्छ, हाम्रो पार्टी प्रजातन्त्रका लागि स्थापित पार्टी हो, हामी सक्रिय भएर जनताको विश्वास जित्न लाग्नुपर्छ", सभापति देउवाले भन्नुभयो ।

पार्टीका महामन्त्री गगनकुमार थापाले सबैको प्रतिनिधित्व हुने निर्वाचन प्रणाली स्थापित हुनुपर्छ भन्ने अभियान नेपाली कांग्रेसले गरेको हो भन्नुभयो । "२०६२/६३ को आन्दोलनको नेतृत्व, संविधान निर्माणको नेतृत्व नेपाली कांग्रेसले गरेको हो, कांग्रेसले आन्दोलनबाट स्थापित गरेको समानुपातिक समावेशी प्रतिनिधित्व बढाउन लाग्नुपर्छ, हामी निर्वाचन प्रणालीलगायत धेरै विषयमा छलफल गर्छौं । तर समानुपातिक समावेशीता प्रतिनिधित्वमा पछाडि हट्ने निर्णय हुनै सक्दैन", उहाँले भन्नुभयो । महामन्त्री थापाले २०४८ सालमा कांग्रेसले हासिल गरेअनुरुपको प्रतिशतमा सिट २०८४ सालमा हासिल गर्नेगरी लाग्छौं भन्नुभयो । "प्रत्यक्ष निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीमा छलफलसँगै बहुमत ल्याउन सक्नेगरी नेतृत्वदायी भूमिकामा लागौं, दलित, जनजाति र महिलाहरूको प्रतिनिधित्व बढाउने कुरा हुन्छ, घटाउने कुरै हुँदैन, दलले उम्मेदवार छनौट गर्ने विषयमा पनि बहस गरौं, पार्टीभित्रै पनि सुधार गरेर प्रतिनिधित्व बढाउनुपर्नेछ, दलभित्र उम्मेदवार छनौटमा देखिएको समस्याको भारीलाई पनि समाधान गर्नुपर्नेछ", उहाँले भन्नुभयो । उम्मेदवारको खर्चका विषयमा पनि सोच्नुपर्ने उल्लेख गर्दै महामन्त्री थापाले उम्मेदवारको अस्वाभाविक खर्चले निर्वाचनलाई महँगो बनाएको बताउनुभयो । उहाँले राज्यबाटै कानुन बनाएर राजनीतिक दलको निर्वाचन खर्चको व्यवस्था गरिनुपर्नेमा जोड दिनुभयो ।

सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'ले निर्वाचन प्रणालीमा देखापरेका समस्याहरू र विभेदका अवधारणा हटाउन कांग्रेसले सशक्त भूमिका निर्वाह गर्नुपर्छ भन्नुभयो ।

"एकीकृत निर्वाचन ऐन आयोगले गृह मन्त्रालय हुँदै अर्थ मन्त्रालयमा पठाएको छ, दल भित्रको मानसिकतालाई परिवर्तन गरेर मिश्रित निर्वाचन प्रणाली लागू गर्नुपर्छ", उहाँले भन्नुभयो ।

पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले संविधानको मर्मअनुसार तल्लो वर्गलाई प्रणालीमा स्थापित गर्न समानुपातिक प्रणाली लागू गरिएको उल्लेख गर्दै हालसम्म प्रत्यक्षतर्फ नौ प्रतिशत मात्र महिला उम्मेदवार सुनिश्चित भएको बताउनुभयो । "वर्तमान निर्वाचन पद्धतिले निर्वाचनप्रति जनताको श्रद्धालाई कमजोर बनायो, निर्वाचनको उद्देश्य नै राज्यको निकायमाथि कब्जा गर्ने भयो, पैसा र शक्तिका कारण निर्वाचन बदनाम भयो", उहाँले भन्नुभयो ।

पूर्वप्रमुख निर्वाचन आयुक्त पोखरेलले दलहरूको अनुदार मानसिकताले स्थानीय तहको पहिलो पदमा धेरै महिला आउन सकेनन् भन्नुभयो । उहाँले समानुपातिक समावेशीमा तरमारा वर्गलाई विस्थापित गर्दै सुधार गरेर जानुपर्छ भन्नुभयो । "राजनीति र राजनीतिक दलमा सुधारको आवश्यकता छ, हाम्रोमा सुधार हुन अझै केही वर्ष लाग्छ, त्यसकारण कानुन बनाएर दलहरूलाई बाँध्नुपर्ने आवश्यकता देखियो", उहाँले भन्नुभयो ।

पूर्वनिर्वाचन आयुक्त इला शर्माले आरक्षण निश्चित समयका लागि हुनुपर्छ भन्दै राष्ट्रिय राजनीतिमा धेरै दलहरू हुनुहुँदैन भन्ने धारणा राख्नुभयो । "आधा दर्जनभन्दा बढी राष्ट्रिय दल हुनुहुँदैन, शान्ति प्रक्रियापछि नागरिकको धेरै आकाङ्क्षा थियो, यो सम्बोधन हुन नसक्दा वितृष्णा छायो", उहाँले भन्नुभयो । लोकतन्त्र र समावेशिता संवैधानिक गणतन्त्रको खम्बा हो भन्नुहुँदै उहाँले समावेशिताको अभिवृद्धिका लागि प्रत्यक्षमा सीमान्तीकृतहरूले जित्न सक्ने वातावरण बन्नुपर्छ भन्नुभयो । "स्थानीय तहमा प्रमुख, उपप्रमुख र वडा अध्यक्षको हकमा अझै पनि महिलाहरूको सिट सुनिश्चित हुन सकेको छैन, महिलाको उम्मेदवारी ५० प्रतिशत हुनुपर्छ, लोकतन्त्र, समावेशिता र समानुपातिक कागजमा लेखेर मात्रै हुने कुरा हैन, व्यवहारमा उतार्ने दलहरूमा लोकतन्त्र निहित हुन्छ", पूर्वनिर्वाचन आयुक्त शर्माले भन्नुभयो । संविधानले सधैं आरक्षणको परिकल्पना गरेको उल्लेख गर्दै उहाँले निश्चित समय आरक्षण भएपछि सीमान्तकृतहरूको क्षमता अभिवृद्धि हुन्छ भन्नेतर्फ ध्यानाकर्षण गराउनुभयो ।

केन्द्रीय सदस्य तथा पार्टीको महिला विभाग प्रमुख पुष्पा भुसालले नेपालको संविधानको मर्मअनुसार समानुपातिक समावेशी सिद्धान्तका आधार महिलाहरूलाई राजनीतिक मूलधारमा स्थापित गर्न कानुनी व्यवस्थाका लागि निरन्तर छलफल र बहस आवश्यक रहेको बताउनुभयो । उहाँले प्रत्यक्ष निर्वाचन प्रणालीमा पनि समानुपातिक समावेशी प्रतिनिधित्व हुनुपर्छ भन्ने मान्यता स्थापित गर्नुपर्ने आवश्यकता रहेको धारणा राख्नुभयो । उहाँले निर्वाचनको अभियानलाई अगाडि बढाउँदा समानुपातिक समावेशीको सुनिश्चितता गरी समाजको बनोटलाई स्वीकार गर्नसक्ने हुनुपर्ने बताउनुभयो ।

## 'पानी रङ्ग'को सहरमा ४७ कलाकारका ५५ कलाकृति प्रदर्शनमा

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज


पानी धेरै पर्ने भएकाले पोखराले नेपालको चेरापूँजी भन्ने उपमा पाउने गरेको छ । क्षणभरमा पानी पर्ने र क्षणभरमा घाम लाग्ने पोखराको विशेषता भएकाले यसलाई नेपालको धेरै पानी पर्ने ठाउँका रुपमा चिनिन्छ । प्राकृतिक सोन्दर्यले भरिपूर्ण पोखरालाई कलाका क्षेत्रमा 'पानी रङ्ग'को सहर पनि भनिन्छ ।

माछापुच्छ्रे हिमाल फेवातालमा पौडी खेल्ने यहाँको प्राकृतिक विशिष्टतालाई विभिन्न कलाकार तथा साहित्यकारले आफ्ना कला र साहित्यमा चित्रित गर्दै आएका छन् । कलाप्रेमीले यहाँको सौन्दर्यतालाई कलाका माध्यमबाट प्रस्तुत गर्दै विभिन्न समयमा प्रदर्शनीसमेत गर्दै आएका सिर्जनशील कलाकार समूह पोखराका अध्यक्ष डिबी गुरुङले बताउनुभयो । समूहको सक्रियतामा कला लक्षित विभिन्न कार्यक्रमका साथै वर्षको एकपटक मनुसन कला प्रदर्शनी गर्दै आइएको उहाँले जानकारी दिनुभयो ।

"समूहको सक्रियतामा बर्सेनी गर्दै आएको प्रदर्शनीअन्तर्गत यस वर्ष असोज ३ गतेदेखि 'चौंथो सामूहिक कला प्रदर्शनी २०८१' पोखरा आर्ट ग्यालरीमा सञ्चालन भइरहेको छ", गुरुङले उहाँले भन्नुभयो, "यस प्रदर्शनीमा अग्रज तथा अनुज पुस्ताका ४७ कलाकारबाट सिर्जित ५५ कलाकृति प्रदर्शनमा राखिएका छन् ।" प्रदर्शनीमा पुगेका जो कोहीले भित्तामा टाँसिएका हरेक कलाकृतिलाई अभिरुचिपूर्वक अवलोकन गरिरहेका उहाँले बताउनुभयो । देशका विभिन्न स्थान र परिवेशलाई आफ्ना कलामा प्रस्तुत गरिएका कलाकृतिले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरिरहेको अध्यक्ष गुरुङले जानकारी दिनुभयो । कलाका क्षेत्रमा लामो समयदेखि अनवरत लाग्नुभएका बुद्धि गुरुङ, लोकप्रसाद गुरुङ, गोपाल श्रेष्ठ, क्षेत्रलाल कायस्थलगायत अनुज पुस्ताका युवा कलाकारका कलाकृति प्रदर्शनीमा राखिएका उहाँले उल्लेख गर्नुभयो । प्रदर्शनीमा कलाकार गोपाल दराईले तयार पार्नुभएको ओखलढुङ्गाको कलाकृतिदेखि प्राज्ञ नगेन सिंहले तयार गर्नुभएको बैतडीस्थित पात्ताल भुवनेश्वर गुफालगायत कलाकृतिले विभिन्न स्थान र परिवेशलाई जीवन्त प्रस्तुत गरेको देखिन्छ । नेपालको गहिरो गुफाका रुपमा पात्ताल भुवनेश्वर परिचित छ । त्यस्तै वरिष्ठ कलाकार बुद्धि गुरुङको पशुपतिनाथ, सौगात गुरुङको फेवाताललगायत कला प्रदर्शनीका आकर्षण बनेका छन् । ग्यालरी छिरिसकेपछि कलाकार जित गुरुङले तयार गर्नुभएको गुरुङ पैडी (ज्योतिषि) को मूर्तिले जो कोहीको मन छुने गरेको छ । गुरुङ समुदायका मानिसले आफ्नो जन्म, मृत्यु, विवाहलगायत संस्कार, शुभ-अशुभ कार्यमा पैडीबाट सेवा लिने विषयलाई उक्त मूर्तिकलामार्फत जानकारी दिन खोजिएको छ ।

हालै उक्त मूर्ति तयार गरेको जानकारी दिँदै कलाकार गुरुङले आफूले यस्ता विभिन्न कलाकृति तयार गरिरहेको बताउनुभयो । प्रदर्शनीमा डिबी गुरुङले पानी रङ्गमा तयार गर्नुभएको कास्कीका पर्यटकीय गुरुङ गाउँहरू घान्द्रुक, ताङ्तिङका कला राखिएका छन् । हिमाली तथा लेकाली जीवनलाई ती कलाकृतिले जीवन्त चित्रण गरिरहेका छन् । त्यस्तै दुर्गा केसीको पदयात्रा, सङ्गीता घिमिरेको बुद्धलगायत कला प्रदर्शनीमा सजाइएका छन् । अमृत परियारले तयार गर्नुभएको माछापुच्छ्रे हिमालसँगै रहेको चौरी, लोकप्रसाद गुरुङको रोपाइँ, वामन चालिसको क्यारिकेचरले समाजका विविधतालाई प्रस्तुत गर्न खोजेको देखिन्छ । प्रदर्शनी सुरु भएयता अवलोकन गर्न आउने दर्शकको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएको युवा कलाकार स्मृति गुरुङले बताउनुभयो । पछिल्ला समयमा कलाकारप्रति धेरै युवाको आकर्षण बढ्दो रहेको पाइएको भन्दै उहाँले कक्षा १२ को परीक्षा दिएर कला सिकिरहेको जानकारी दिनुभयो ।

पछिल्ला समयमा पठन संस्कृति हराउँदै गएजस्तै कलाप्रतिको आकर्षण पनि घट्दै गएको समूहका अध्यक्ष गुरुङले कलाप्रति युवाको आकर्षण बढाउनु प्रदर्शनीको मुख्य उद्देश्य रहेको बताउनुभयो । "कला सिर्जनाप्रति पछिल्लो समयमा आकर्षण घट्दै गएको देखिन्छ", उहाँले भन्नुभयो, "यसतर्फको आकर्षण बढाउँदै सिर्जनात्मक क्षमता अभिवृद्धि गराउने उद्देश्यले प्रदशनी आयोजना गरेका छौं । यसबाट युवामा सकारात्मक प्रभाव रहेको अपेक्षा गरेका छौं ।" कला क्षेत्रको विकासका लागि करिब दुई दशकदेखि सिर्जनशील कलाकार समूहमा आवद्ध भई विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको अध्यक्ष गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार हाल समूहमा ५० जना कलाकर्मी आवद्ध छन् । यही असोज ३ गतेदेखि सुरु भएको प्रदर्शनी असोज ९ गतेसम्म सञ्चालन हुनेछ ।



## महिला उद्यमी संघ कास्कीको साधारणसभामा महिला उद्यमीहरु सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

महिला उद्यमी संघ नेपाल,कास्कीले सफल महिला उद्यमीहरुलाई सम्मान गरेको छ ।

संघको नवौं साधारण सभाको अवसरमा संघले सफल महिला उद्यमीहरुलाई सम्मानपत्र र सल तथा खादा ओढाएर सम्मान गरेको हो । संघले नेपाली ढाका उद्योगकी सञ्चालिका मनमाया सुवेदीलाई उत्कृष्ट सफल महिला उद्यमी घोषणा गर्दै सम्मान गरेको छ । त्यस्तै, गण्डकी प्रदेश सभाकी संस्थापक सदस्यसमेत रहेकी पोखराको सबैभन्दा पुरानो हङकङ व्यूटी ईन्ष्टिच्यूटकी सञ्चालिका मीना गुरुङ, विधाता हस्तकला तथा प्राविधिक तालिम केन्द्रकी सञ्चालिका सविता श्रेष्ठ रञ्जित, स्वस्तिक हस्तकला उद्योगकी सञ्चालिका सीता गुरुङ, ऋतु सौगातकी सञ्चालिका सुन्तिा पुर्जा, कर्णाली गार्मेन्ट उद्योगकी सञ्चालिका गीता नाथ योगीलाई




सम्मान गरेको छ ।

त्यस्तै, संघले अतिथि झोला तथा गार्मेन्ट उद्योगकी सञ्चालिका पार्वती थापा बस्नेत, न्यू मिलिनियम एकेडेमीकी सञ्चालिका कृष्णकुमारी पहारी र पुष्पाञ्जली कस्मेटिक तथा श्रृंगारकी सञ्चालिका पुष्पा मरासिनीलाईपनि सम्मान गरेको संघकी अध्यक्ष सरु बरालले जानकारी दिईन् । साधारण सभामा नया सदस्यहरुलाई प्रमाण पत्र वितरण गरिएको थियो । सो अवसरमा व्यूटीपार्लर सम्बन्धी ३ महिने तालिममा सहभागी तथा लेवलिङ र प्याकेजिङ तालिममा सहभागीहरुलाईपनि प्रमाणपत्र वितरण गरिएको अध्यक्ष बरालले जानकारी दिईन् ।

साधारण सभामा महिला उद्यमी संघको ७० जिल्ला शाखामध्ये सर्वोत्कृष्ट हुन सफल महिला उद्यमी संघ तनहुँलाई सम्मान गरिएको थियो । महिला उद्यमी संघ नेपालको साधारण सभामा तनहुँ शाखा सर्वोत्कृष्ट हुँदा कास्की शाखा भने दोश्रो हुन सफल भएको थियो ।

संघ कास्कीकी अध्यक्ष शारदा बराल (सरु)को अध्यक्षता तथा महासचिव बालकुमारी गुरुङले सञ्चालन गरेको कार्यक्रममा गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापा, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की, महासचिव शोभा गौतम, पोखरा महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनहर कडरिया, पोखरा महानगर व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख नवराज अधिकारी, पोखरा चेम्वर अफ कमर्स कास्कीका अध्यक्ष उमराज बास्तोला, महिला उद्यमी संघ कास्कीकी संस्थापक अध्यक्ष मीना गुरुङ, निवर्तमान अध्यक्ष पार्वती पौडेल रेग्मी, पर्यटन व्यवसायी महिला संघकी अध्यक्ष कमला गिरीलगायतले बोलेका थिए ।

# लेकसिटी कलेजमा बंगलादेशका सहप्राध्यापक अयनुल इश्लाम

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

युवाहरुले राजनीतिमा चासो राख्दैनन् भनिन्छ । बंगलादेशमा पनि त्यसै भनिन्थ्यो । त्यसो त बंगलादेशी स्वतन्त्रता संग्राम १९७१ देखि नै विद्यार्थीहरुको सहभागिता अर्थपूर्ण थियो ।

त्यसपछिका विभिन्न खाले आन्दोलनमा उनीहरु सहभागी भइ नै रहे । तर उनीहरुको सहभागितालाई राजनीतिक शक्तिहरुले यति भयंकर रुपमा आंकलन गरेकै थिएनन् । विभेदपूर्ण आरक्षण व्यवस्था विरुद्ध विद्यार्थी नेतृत्वमा सुरु भएको विरोध प्रदर्शन १ सातामा ठूलो देशव्यापी आन्दोलनमा परिणत भयो । अन्ततः प्रधानमन्त्री शेख हसिनाले सत्तामात्र होइन् मुलुक नै छाडेर भागिन् । राजनीतिक विचारधाराबाट माथि उठेर विद्यार्थीहरुले तानाशाही सरकारविरुद्ध इमानदारी साथ एक भएर आन्दोलनको अगुवाइ गरे । स्नातकोत्तर पढ्दै गरेका र जागिरको चिन्तामा रहेका २ युवालाई आन्दोलनले नै सरकारमा मन्त्री बनायो । आर्थिक संकटको उदाहरणका लागि केही अघिसम्म श्रीलंकाको नाम लिइन्थ्यो । अहिले नागरि कस्तरबाट मात्र होइन, राजनीतिक दलका जिम्मेवार नेताहरु समेत नेपालमा बंगलादेशको जस्तो अवस्था आउने चेतावनी दिइरहेका छन् । के नेपालमा बंगलादेशको जस्तो अवस्था आउला त ? यी र यस्तै विषयमा पोखराको लेकसिटी कलेज एन्ड रिसर्च सेन्टरले शनिबार कचहरी गरेको छ । जसमा प्रमुख वक्ता थिए ढाका विश्वविद्यालयका सहप्राध्यापक अयनुल इश्लाम । उनीसँगै पढिरहेका धेरै विद्यार्थीहरु आन्दोलनमा सहभागी थिए । राजनीति शास्त्रको



अध्येता र बंगलादेशको सचेत नागरिकका हैसियतमा उनले बंगलादेशी आन्दोलन अर्थात् 'मनसुन रिभोलुसन' लाई नजिकबाट नियालिरहेका थिए । स्वतन्त्रता संग्राममा लड्नेहरुका सन्तानतका लागि सरकारी जागिरमा ३० प्रतिशत आरक्षण थियो । यसको भित्रभित्रै विरोध भइरहेको थियो । विपक्षी दलको सहभागिता बिना भएको निर्वाचनबाट निर्वाचित सरकारले लोकप्रतियता गुमाइरहेकै थियो । सहप्राध्यापक इश्लामका अनुसार गैरन्यायिक हत्या, बढ्दो बेरोजगारी, अपहरण, मौलाउँदो भ्रष्टाचारबाट आजित थिए युवाहरु । मुलुक आर्थिक रुपमा कमजोर भइरहेको, दक्ष र अदक्ष जनशक्ति पलायन भइरहेको विषयलाई पनि विद्यार्थीहरुले नजिकबाट नियालिरहेका थिए । यसैको परिणाम थियो बंगलादेशी आन्दोलन अर्थात् ' मनसुन रिभोलुसन' । विद्यार्थीहरुको प्रदर्शनीलाई प्रधानमन्त्री हसिनाले 'राजाकार' अर्थात् राष्ट्रघाती भनेपछि आन्दोलनले झनै चर्को रुप लियो । निजी विश्वविद्यालयका विद्यार्थी समेत आन्दोलनमा समाहित भए । सरकारले बल प्रयोग गर्न थालेपछि आन्दोलनले हिंसात्मक रुप लियो । आन्दोलनमा बंगलादेशको अर्को प्रभावशाली दल बंगलादेश नेसनलिस्ट पार्टी र अन्य दलहरुको समर्थन र सहभागिता रह्यो । जसमा ८ सय ५० जनाले ज्यानै गुमाउनु पर्‍यो । विद्यार्थीहरुकै माग अनुसार मोहमद युनुशको नेतृत्वमा बंगलादेशमा अन्तरिम सरकार बनेको छ। आन्दोलन र त्यसपछिको परिवर्तनलाई संस्थागत गर्न सक्नु नै सबैभन्दा ठूलो उपलब्धि हो । राजनीतिक परिवर्तन भएका अन्य मुलुकमा जस्तै बंगलादेशमा पनि आन्दोलनपछि देखा पर्ने छिटाहरुले शंका उब्जाउन गरेको छ । एकातिर धार्मिक हिंसाको जोखिम छ । शेख हसिनाको पार्टीले पनि अस्तित्वका लागि टाउको उठाउन खोजिरहेकै छ । त्यसवाहेक पनि क्षेत्रीय र स्थानीय विरोध प्रदर्शन, संवैधानिक वैधतामा संकट, प्रशासनिक क्षेत्रमा नयाँ नियुक्ति गर्न दलहरुको दबाब, भारत, रुस र चीन सँगको सम्बन्ध जस्ता विषय अन्तरिम सरकारका लागि ठूला चुनौती देखा परेको सहप्राध्यापक इश्लामको विश्लेषण छ । कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य गणेशमान गुरुङले आरक्षण र कोटाका हकमा बंगलादेश र नेपालबीच तुलना नै नहुने बताए। समावेशी समानुपातिक प्रणाली, धर्मनिरपेक्षता जस्ता विषय नेपालको संविधानका अपरिवर्तनीय पक्ष रहेको उनको भनाइ थियो । बंगलादेशमा पहिला शासन परिवर्तनमा सेनाको भूमिका महत्वपूर्ण रहँदै आएकामा यसपालि विद्यार्थी शक्ति देखा परेको भन्दै यसलाई पनि महत्वपूर्ण उपलब्धिका रुपमा लिइनुपर्ने प्रदेश सभा सदस्य गुरुङले बताए । ३ दशकसम्म २ जना मुस्लिम महिलाले शासन गर्दा भएका राम्रा नराम्रा पक्षको विश्लेषण गरिनुपर्ने उनको भनाइ थियो । अर्का प्रदेश सभा सदस्य कल्पना तिवारीले संविधानका उपलब्धि जोगाउन नसक्दा र निर्वाचित प्रतिनिधि सेवक होइन शासकका रुपमा प्रस्तुत भएकाले जनमानसमा निराशा छाएको बताइन् । लेकसिटी कलेज एन्ड रिसर्च सेन्टर मातहत समाज विज्ञान केन्द्र सञ्चालित छ । कलेजले आम्दानीको केही हिस्सा अनुसन्धानमा खर्चिंदै आएको छ । समाज विज्ञान केन्द्रका संरक्षक प्राडा विश्वकल्याण पराजुलीले केन्द्रले १० वर्षदेखि समसायिक विषयमा नियमित छलफल गर्दै आएको र आगामी दिनमा समेत निरन्तरता दिइने जानकारी दिए । क्याम्पस प्रमुख नारायणकुमार श्रेष्ठका अनुसार यसरी गरिएका छलफलको निष्कर्ष प्रकाशन गरिने छ । पछिल्लो पटक कचहरी थालिएकामा यो पाँचौं शृंखला हो । केन्द्रका अध्यक्ष डा. ठानबहादुर क्षत्रीको अध्यक्षतामा भएको कार्यक्रम संयोजन उपेन्द्रप्रसाद पौडेलले गरेका थिए । कार्यक्रममा वक्ताका लागि ५ र जिज्ञासा र भनाइ राख्नेका लागि २/२ मिनेट प्रदान गर्ने नियम छ । सबैभन्दा पहिला कार्यक्रममा आउने व्यक्तिलाई प्रमुख अतिथि बनाउने नियम केन्द्रको रहेको संयोजक पौडेलको भनाइ थियो । गण्डकी विश्वविद्यालयका विद्यार्थी मनोज सुवेदी कार्यक्रमको प्रमुख अतिथि बने । कार्यक्रममा डा. सञ्जय कोइराला, कृष्ण केसी, गोमा क्षेत्री, त्रिवेणी, राधाकृष्ण लामिछाने, दिनेश पौडेल, डा. रामचन्द्र बराल, दिलकुमारी पौडेलले समसामयिक विषयमा जिज्ञाशा राखेका थिए ।

# जनप्रिय क्याम्पसको शिक्षक अभिभावक संघमा पुष्पराज सिग्देल



**पोखरापत्र संवाददाता**
बागलुङ, ६ असोज

जनप्रिय बहुमुखी क्याम्पसको शिक्षक अभिभावक संघको अध्यक्षमा पुष्पराज सिग्देल र सदस्यमा लक्ष्मी थापा निर्विरोध निर्वाचित भएका छन् ।

आइतबार क्याम्पसमा आयोजित पदस्थापन कार्यक्रममा क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्र नारायण विजुक्छेले क्याम्पसको शैक्षिक गुणस्तर र विकास लागि प्राध्यापनरत शिक्षक र अध्ययनरत विद्यार्थीका अभिभावकलाई प्रतिनिधित्व गराउने उद्धेश्यले गठित शिक्षक अभिभावक संघको छुट्टै महत्व रहेकाले क्याम्पसको हितमा काम गर्न आग्रह गर्दै बधाइ ज्ञापन गरे ।

निर्वाचन समितिका संयोजक अधिवक्ता कृष्णप्रसाद तिमिल्सिनाले निर्वाचित अध्यक्ष र सदस्यलाई शपथ खुवाएर प्रमाणपत्र दिएका थिए । निवर्तनमा अध्यक्ष ध्रुवराज पौडेलले नवनिर्वाचित अध्यक्ष सिग्देललाई निर्णय पुस्तिका हस्तान्तरण गरेका थिए । पूर्व कार्यवाहक अध्यक्ष परशुराम बराल, निमित्त क्याम्पस प्रमुख रमेशबहादुर खड्का, निवर्तमान अध्यक्ष ध्रुवराज पौडेल, क्याम्पस सञ्चालक समितिका सदस्य विजयराज आचार्य, निर्वाचन समितिका संयोजक अधिवक्ता कृष्णप्रसाद तिमिल्सिना, पब्लिक क्याम्पस प्राध्यापक संघ जनप्रिय इकाईका अध्यक्ष विकास थापामगर र उपप्रशासक एकनारायण अर्यालले क्याम्पसको हितमा शिक्षक अभिभावक संघको चासोले गतिशीलता बढ्ने भएकाले प्रतिवद्ध भएर काम गर्न शुभकामना दिएका थिए । विश्वविद्यालय अनुदान आयोगमा अनुवन्धित हुँदा २०६९ सालमा संघ गठन गरिएको थियो । क्याम्पसको नियमावली २०५४ अनुसार शिक्षक अभिभावक संघ विनियम २०८१ बनाइ निर्वाचन सम्पन्न भएको हो । संघका अध्यक्ष सञ्चालक समितिमा पदेन सदस्य रहने व्यवस्था छ ।

७ सदस्यीय संघमा शिक्षकबाट चेतबहादुर पोखेल र दिव्यालक्ष्मी चालिसेलाई चयन गरिएको छ । ३ सदस्य क्याम्पस सञ्चालक समितिले मनोनय गर्ने पब्लिक क्याम्पस प्राध्यापक संघ जनप्रिय क्याम्पस इकाईका सभापति विकास थापामगरले जानकारी दिए । ५ हजार अभिभावक र १ सय ५० शिक्षक रहेको जनप्रिय क्याम्पस असोज २ गते राष्ट्रिय शिक्षा दिवसमा गण्डकी प्रदेशको सर्वोकृष्ट सामुदायिक क्याम्पसको रूपमा पुरस्कृत भएको थियो ।

# मुस्ताङको सुन्दरतामा पर्यटक आकर्षित

**म्याग्दी**
रासस, ६ असोज

ऐतिहासिक र धार्मिक महत्वको मुस्ताङको पृथक भू-बनोट, प्राकृतिक, भौगोलिक, सांस्कृतिक, जैविक विविधताले विश्वभरका पर्यटक आकर्षित हुँदै आएका छन् । शरद् यामसँगै खुल्न थालेको मौसम मुस्ताङ घुम्नका लागि उपयुक्त मानिन्छ ।

उजाड खैरो र रातो रङका पहाडमा चित्रकारले कोरेर बनाएका जस्ता देखिने कलाकृति । प्राचीनकालीन मानव सभ्यताको झल्को दिने पहाडभित्र रहेका गुफाहरु । जता फर्किए पनि पृष्ठभूमिमा देखिने सेताम्मे हिमाल र नीलो आकाश । माटोका छाना भएका मौलिक घरहरुसँगै बस्ती वरिपरि देखिने हरियाली । पहाड छिचोलेर बगिरहेका कालीगण्डकी र सहायक नदीहरु । निलो रङका मनमोहक ताल ।

पाखामा रमाउँदै गरेका भेटिने नाउर, बनखरायोका बथान । चरन खर्कमा भेडाच्याङ्ग्रा, घोडा र याकका गोठ । लटरम्म पाकेर मगमग बास्न आउने स्याउ बगैंचा । बस्तीपिच्छे ऐतिहासिक दरबार र धार्मिक महत्वका गुम्बा तथा तिब्बती रहनसहन र जीवनशैली । हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथ, कागबेनी र दामोदरकुण्ड । लोमान्थाङका पर्यटन व्यवसायी छेवाङ रिनजिन गुरुङले बर्खायाम सकिन थालेसँगै मुस्ताङमा पर्यटकको चहलपहल बढ्न थालेको बताउनुभयो । "बर्खा सकिन र हिउँद सुरु हुन लागेको यो मौसम हावापानी र वातावरणका हिसाबले पनि मुस्ताङ घुम्न उपयुक्त समय हो", उहाँले भन्नुभयो, "अन्य समयमाभन्दा असोज-कात्तिकमा यहाँ धेरै पर्यटकहरु आउने गर्छन् ।"

जर्मनका पाँच जना पर्यटक घुमाउँदै लोघेकर दामोदरकुण्ड गाउँपालिकाको लोघेकर गुम्बामा पुगेका पोखराका पथप्रदर्शक सञ्जय अधिकारीले पदयात्राका क्रममा भेटिएका नाउरका बथानले पाहुनाहरु खुसी भएका सुनाउनुभयो । सडक यातायातको सहजता, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका प्रवर्द्धनात्मक गतिविधि, सामाजिक सञ्जालको प्रभाव, सुविधायुक्त होटल सञ्चालन, विश्व प्रसिद्ध पदयात्रासम्बन्धी सञ्चारमाध्यमले मुस्ताङलाई घुम्नैपर्ने गन्तव्यमा समेट्नु, विदेशी समुदायका प्रभावशाली व्यक्तिको भ्रमणले मुस्ताङ पर्यटकको रोजाइमा परेको हो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमका प्रमुख प्रमोदराज रेग्मीले गत आर्थिक वर्षमा एक लाख २१ हजार तीन सय ५२ पर्यटकले मुस्ताङ भ्रमण गरेका जानकारी दिनुभयो । उहाँका अनुसार सार्कराष्ट्रका ९८ हजार दुई सय ५३ र तेस्रो मुलुकका २३ हजार ९९ पर्यटक रहेका छन् ।

आव २०७९/८० मा ७१ हजार सात सय सात र आव २०७८/०७९ मा ३८ हजार आठ सय ९६ पर्यटक मुस्ताङ घुम्न आएका एक्यापले जनाएको छ । चालु आवको साउन र भदौमा सात हजार पाँच सय ९९ पर्यटकले मुस्ताङ घुमेका छन् । गत आवको साउन र भदौमा मुस्ताङ घुम्ने पर्यटकको सङ्ख्या पाँच हजार एक सय ७५ थियो ।

अन्नपूर्ण चक्रीय पदमार्गको साहासिक गन्तव्य थोराङ्ला भञ्ज्याङ पार गरेर मनाङ हुँदै मुस्ताङ आउने पर्यटकको सङ्ख्या पनि बढ्दो क्रममा रहेको रेग्मीले बताउनुभयो । समुन्द्री सतहबाट पाँच हजार चार सय १६ मिटर उचाइको थोराङ्ला भञ्ज्याङ पार गरेर मनाङ हुँदै मुस्ताङ जाने पदयात्रालाई साहासिक मान्ने गरिन्छ ।

# छविलाल जोशीलाई पोखरा ल्याइयो

**रासस**
काठमाडौं, ६ असोज

सूर्यदर्शन ऋण तथा बचत सहकारी ठगीको कसुरमा पक्राउ परेका नेपाल प्रहरीका पूर्वप्रहरी नायब महानिरीक्षक छविलाल जोशीलाई पोखरा ल्याइएको छ ।

अभियुक्त जोशीलाई काठमाडौंमा पक्राउ गरेर आइतबार पोखरा ल्याइएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख मोहनकुमार थापाले बताउनुभयो । निजलाई सोमबार अदालतमा पेस गरिनेछ । ६५ करोडभन्दा धेरै सहकारीको रकम गोर्खा मिडियाबाट अपचलन गरिएको



अभियोगमा पूर्व सञ्चालक जोशीलाई प्रहरीले आइतबार दिउँसो काठमाडौंबाट पक्राउ गरेको थियो ।

समितिको प्रतिवेदनलाई कार्यान्वयन गर्न गृहमन्त्री रमेश लेखकले निर्देशन दिएसँगै जोशी पक्राउ परेका हुन् ।

# गर्भवतीको हेलिकप्टरमार्फत उद्धार

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ असोज

प्रसूति व्यथा लागेकी एक गर्भवतीको नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ। गण्डकी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले बागलुङको तमानखोला गाउँपालिका-१ बोङ्गादोभानकी २० वर्षीया गर्भवती सुनिला विकको हेलिकप्टरमार्फत उद्धार गरिएको जनाएको छ।

शनिबार साँझ व्यथा लागेपछि स्थानीय स्थास्थ्य संस्थाको सल्लाहमा विकलाई परिवारले बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याएको थियो । स्वास्थ्य केन्द्र आउने बेला सामान्य व्यथा लागे पनि आज बिहानदेखि एक्कासी रक्तचाप बढ्ने र शरीर काप्ने, बेहोस भएपछि हेलिकप्टरमार्फत काठमाडौं पठाइएको स्वास्थ्य केन्द्रका डाक्टर नवीन्द्र ढकालले बताउनुभयो। उच्च रक्तचापको औषधि चलाउँदा शरीर काँप्ने बेहोस हुने र बच्चाको समेत मुटुको चालमा समस्या देखिएपछि सुत्केरी गराउन सम्भव नभएको डा ढकालले बताउनुभयो।

# व्यवसायी दुर्गा प्रसाईं पक्राउ

**रासस**
काठमाडौं, ६ असोज

नेपाल प्रहरीको साइबर ब्युरोको टोलीले व्यवसायी दुर्गा प्रसाईंलाई पक्राउ गरेको छ।

प्रसाईंलाई भक्तपुरबाट पक्राउ गरिएको साइबर ब्युरोका प्रवक्ता एवं प्रहरी उपरीक्षक दीपकराज अवस्थीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "प्रसाईंविरुद्ध विद्युतीय कारोबार ऐनअन्तर्गत ब्युरोमा जाहेरी दर्ता



परेको थियो।


जिल्ला अदालत काठमाडौंबाट पक्राउ गर्न अनुमति प्राप्त भएपछि उहाँलाई आइतबार पक्राउ गरिएको हो।"


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।
- विदुरनीति

## सम्पादकीय

# डेंगी संक्रमण ६ गुणा बृद्धि

हुम्लाबाहेक देशभर डेङ्गी रोगको सङ्क्रमण देखिएको छ। डेङ्गी सङ्क्रमणको जोखिम असोज महिनाभर हुने बताइएको छ। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालका अनुसार असोजम्म पानी पर्ने भएकाले डेङ्गीको जोखिम हुन्छ। "साधारणतया डेङ्गी सङ्क्रमण जेठदेखि असोजसम्म हुने गर्दछ"।त्यसपछि जाडो याम सुरु हुने भएकाले डेङ्गी सार्ने लामखुट्टे क्रमशः हराउँदै जान्छन्।" प्रमुख डा दाहालका अनुसार अहिलेसम्म देशभर ११ हजार पाँच सय ४५ जनामा डेङ्गी रोगको सङ्क्रमण देखिएको छ। हालसम्म डेङ्गी रोगको सङ्क्रमणबाट ६ जनाको मृत्यु भइसकेको छ। डेंगी संक्रमणको पोखरा भएको छाकास्कीको पोखरा महानगरपालिकामा गत भदौ पहिलो सातायता डेंगी संक्रमण ६ गुणाले बढेको छ। भदौ पहिलो साता डेंगी संक्रमितको संख्या सात सयको आसपास रहेकोमा महिना दिनमा बढेर चार हजार ४३३ पुगेको छा महानगरको स्वास्थ्य महाशाखाका अनुसार संक्रमितको उक्त कुल संख्या गत पुसयताको हो। महाशाखाका जनस्वास्थ्य निरीक्षक राजेन्द्र रेग्मीले संक्रमितको संख्या ३ हजार १ सयबढी पुग्न नदिइ डेंगी रोकथाम गर्ने लक्ष्य लिइएकोमा उक्त लक्ष्य पूरा गर्न नसकिएको बताए।

'पछिल्लो एक महिनामा डेंगी संक्रमण ह्वात्तै बढ्यो, यही अवस्था रहिरहे पाँच हजार बढीमा संक्रमण देखिन सक्छ,' उनले भने, 'प्रत्येक व्यक्तिले सावधानी नअपनाएसम्म डेंगी रोकथाम चुनौतीपूर्ण छ।' गतवर्ष पोखरा महानगरपालिकाका तीन हजार ३७० जनामा डेंगी संक्रमण पुष्टि भएको थियो। कात्तिक महिनासम्म संक्रमणको जोखिम रहने भएकाले यो वर्ष संक्रमितको संख्या अझै बढ्नसक्ने देखिएको जनस्वास्थ्य निरीक्षक रेग्मीले बताए। उनकाअनुसार डेंगी संक्रमणबाट पोखरामा तीन जनाको मृत्यु भएको छ। पोखरा महानगरपालिका-५ का ५२ वर्षीया महिला, १२ का ४० वर्षीय र १० का ८० वर्षीय पुरुषको डेंगीका कारण मृत्यु भएको उनले बताए। पोखरा महानगरपालिका-नं ५, ८ लगायतका वडा डेंगीबाट बढी प्रभावित भएको स्वास्थ्य महाशाखाले जनाएको छ।

जनघनत्व बढी भएका ठाउँमा डेंगी छिटो फैलिने हुँदा महानगरको मुख्य सहरी क्षेत्रमा संक्रमण तीव्र बनेको हो। संक्रमण तीव्र बन्दै जाँदा उक्त रोग लाग्नबाट जोगिन विशेष सावधानी अपनाउन चिकित्सक तथा स्वास्थ्यकर्मीले सुझाएका छन्। संक्रमण जटिल बनेर मानिसको मृत्युसमेत हुनसक्ने भएकाले डेंगी रोग सार्ने लामखुट्टेको टोकाइबाट बच्नु नै उक्त रोगबाट बच्ने उत्तम उपाय हो। असारदेखि कात्तिकसम्म डेंगीको संक्रमण बढी फैलने बताए। समयमा जोखिम न्यूनीकरण र नियन्त्रण गर्न नसके डेंगीले महामारीको रुप लिनसक्ने प्रमुख नेपालीले बताए। 'डेंगीलाई सामान्य रुपले नसोचौं, यसका अप्रिय उदाहरण हामीसँग छन्,' उनले भने, 'डेंगी भइसकेपछि धेरै पीडा र दर्द हुन्छ, उपचार र हेरचाह पुगेन भने स्वास्थ्य अवस्था जटिल बन्दै गएर बिरामीको मृत्युसमेत हुनसक्छ।'

डेंगी रोकथाम र नियन्त्रणका लागि सबै पक्ष सचेत र जिम्मेवार हुनुपर्ने प्रमुख नेपालीको भनाइ छ। चार प्रकारको भाइरसबाट मानिसमा डेंगी संक्रमण हुने गरेको उनले बताए। उक्त लामखुट्टेले जम्मा भएको सफा पानीमा फुल पार्ने र लार्भा जन्माउने गरेको उनको भनाइ छ। यो लामखुट्टेले दिनमा मात्र टोक्ने गरेको उनले बताए। डेंगी संक्रमणपछि बान्ता भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकान जस्ता लक्षण देखिए चिकित्सकको विशेष निगरानीमा उपचार गर्नुपर्ने चिकित्सक बताउँछन्। डेंगी भएमा आराम गर्ने, पानीलगायत झोलिलो पदार्थ पिउने र जथाभावी औषधि सेवन गर्न नहुने उनीहरुको सुझाव छ। वृद्धवृद्धा, दीर्घरोगी, गर्भवती र बालबालिकामा डेंगीको संक्रमण भएमा स्वास्थ्यमा जटिलता निम्तन सक्ने खतरा हुने स्वास्थ्य कार्यालयका प्रमुख नेपालीले बताए।

डेंगी सार्ने 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टे जमेको सफा पानीमा बस्ने हुँदा घर, कार्यालय र सार्वजनिकस्थलमा पानी जम्न दिन नहुने उनको भनाइ छ। डेंगीको भाइरस फैलाउने लामखुट्टे खाल्डाखुल्डी, पुराना टायर, भाँडाकुँडा, ड्रम आदिमा जम्मा भएको सफा पानीमा बस्ने हुँदा तिनलाई खाली गर्नुपर्ने प्रमुख नेपालीले बताए। कास्कीमा हालसम्म चार हजार ५५२ जनामा डेंगी संक्रमण पुष्टि भएकामा पोखरा महानगरपालिकाबाहेक अन्नपूर्ण, रुपा र मादी गाउँपालिकामा ९ गाउँपापलिकामा ३८ जनामा संक्रमण देखिएको स्वास्थ्य कार्यालयले जनाएको छ। पोखरा महानगरपाालिका र प्रदेशको ध्यान डेंगी नियन्त्रणमा नजाँदा यो अवस्था आएको हो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शुभ यात्रा |
| कन्या | : मानसिक तनाब | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# उत्पादन बढेपछि आठ स्थनीय तहमा 'अलैंची जोन'

**रासस**
बागलुङ, ६ असोज

जिल्लाका आठ स्थानीय तहलाई समेटेर 'अलैंची जोन' बनाउन सुरु गरिएको छ। चालु आर्थिक वर्षमा जोन स्थापनाका लागि प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना बागलुङले तथ्याङ्क सङ्कलन गर्न थालेको हो।

साविकमा भएका ११ अलैंची पकेट र दुई अलैंची ब्लकलाई स्तरवृद्धि गरेर अलैंची जोन स्थापना गर्न सर्वेक्षण थालिएको हो। जिल्लामा अलैंचीको सम्भावना बढी भएकाले यहाँका किसानले ब्लक र पकेटमार्फत उत्पादन गरिरहेका परियोजनाका प्रमुख नारायण पौडेलले जानकारी दिनुभयो। ब्लक र पकेटलाई स्तरोन्नति गरी जोनमार्फत उत्पादन वृद्धि गर्ने उद्देश्यले सर्वेक्षण थालिएको उहाँले बताउनुभयो। पकेट र ब्लक बाहेकका किसानले पछिल्लो समय अलैंची उत्पादन गर्न थालेको पाएपछि जोन स्थापनाको पहल थालिएको पौडेलले उल्लेख गर्नुभयो। बागलुङका १० मध्ये आठ स्थानीय तहका केही वडालाई समेटेर तीन हजार हेक्टर क्षेत्रमा अलैंची खेती पुऱ्याउने उद्देश्य राखिएको उहाँले जानकारी दिनुभयो। चालु आर्थिक वर्षमा अलैंची जोन स्थापनाका लागि रु एक करोड दुई लाख बजेटसमेत विनियोजन भएको छ। जिल्लाको ताराखोला, काठेखोला, बरेङ र बडिगाड तथा जैमिनी र गलकोट नगरपालिकाका साथै निसिखोला गाउँपालिका र बागलुङ नगरपालिकाका केही वडालाई समेटेर जोन स्थापना गरिने परियोजनाका प्रमुख पौडेलले बताउनुभयो। जिल्लाको ढोरपाटन नगरपालिका र तमानखोला गाउँपालिका बाहेकका आठ स्थानीय तहका ३० वडामा यो कार्यक्रम लागू गर्ने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो।

"साविकका ब्लक र पकेटलाई स्तरवृद्धि गर्दै नयाँ क्षेत्र विस्तार गर्नका लागि बागलुङमा तीन सय हेक्टरमा अलैंची जोन बनाउन थालिएको छ, क्षेत्रलाई बढाएर पाँच सय हेक्टर पुऱ्याउन पर्वतको केही क्षेत्र समेत विस्तार गर्न आवश्यक छ", पौडेलले भन्नुभयो, "जोनले पुरानो अलैंची बगैंचा व्यवस्थित गर्ने, बिरुवा उत्पादन गर्ने र नयाँ क्षेत्र विस्तार गर्नेदेखि सिँचाइ सुविधा र उपकरण वितरण गर्नेछ।"

अलैंचीको उत्पादन र बजारीकरणको अवस्था विस्तारै सुधार हुँदै गएकाले आलु जोन, बाख्रा जोनसँगै अलैंची जोन स्थापना गर्न लागिएको परियोजना कार्यालयले जनाएको छ। हाल जिल्लामा ४० मेट्रिक टन अलैंची उत्पादन भइरहेकामा उत्पादितमध्ये अधिकांश भारत निर्यात हुने गरेको छ। अलैंचीको बजार मूल्य भने एकनासको नभएको किसान बताउँछन्। अलैंचीमा डढेलो रोगको सङ्क्रमण बढिरहेको समयमा जोन कार्यक्रमले सहजता हुने ताराखोलाका अलैंची किसान कुलबहादुर घर्तीमगरले बताउनुभयो। उहाँले अहिले ११ रोपनी जग्गामा अलैंचीखेती गरिरहेको जानकारी दिनुभयो।

भारतीय व्यापारी अलैंची खरिद गर्न गाउँ आउने गरेका छन्। व्यापारीले प्रतिकेजी न्यूनतम रु एक हजार पाँच सयदेखि रु दुई हजार पाँच सयमा सुकेको अलैंची खरिद गरेर लैजाने गरेका किसान बताउँछन्। अलैंची पर्याप्त उत्पादन गर्न सके बजारको चिन्ता नरहेको किसानको भनाइ छ। अलैंचीको समस्या निराकरण गर्ने, बगैंचा विस्तार गर्ने, सिँचाइको व्यवस्था मिलाउने, दाना सुकाउन आधुनिक भट्टी निर्माणलगायत काम गर्ने लक्ष्य परियोजनाले राखेको छ।

# आत्मनिर्भर बन्न सामूहिक बङ्गुरपालन

**पोखरापत्र संवाददाता**
गल्याङ, ६ असोज

स्याङ्जाको कालीगण्डकी गाउँपालिका-४ गोत्रुङका स्थानीयले सामूहिक बङ्गुरपालन गर्दै आएका छन्। विसं २०७७ मा रु २५ लाख लगानीमा गोत्रुङ सामूहिक कृषि फार्म खोलेर बङ्गुरपालन सुरु गरिएको थियो।

स्थानीय रुकमाया रानाले विगतमा अज्ञात रोगले फार्मका करिब ५० वटा बङ्गुर मरेपछि लगानी डुब्ने डरले बङ्गुर पाल्न डराए पनि हाल कालीगण्डकी गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको सहयोगमा फेरि सामूहिक बङ्गुरपालन सुरु भएको बताउनुभयो। चालीस जना सेयर सदस्य रहेको फार्ममा हाल बीउ उत्पादन गर्न ४० वटा धराने बङ्गुरका पाठापाठी र माउ बङ्गुर रहेका छन्। स्थानीय युवालाई विदेश पलायन रोक्ने उद्देश्यसहित सामूहिक रूपमा बङ्गुरपालन गरिएको रानाले जानकारी दिनुभयो। "विदेश जान लाग्नुभएका श्रीमान्लाई गाउँमै रोकेकी छु। फार्मका बङ्गुर राम्रै भएका छन्", उहाँले भन्नुभयो, "बङ्गुर फार्म सामूहिक भए पनि फार्म प्रयोग गरेबापत हामीले वार्षिक चार हजार ५०० भाडा तिर्नुपर्छ। एक परिवारले पाँचवटासम्म माउ बङ्गुर राखेका छन्। पालिका र हेफरले उपचार, औषधि, तालिममा सहयोग गरेको छ।" रानाले बङ्गुर पाल्न सके बजारको समस्या नहुने बताउनुभयो। "यहाँ धार्नीलाई रु नौ सय छ। गाउँमा बङ्गुर काट्दा मासु खोसाखोस हुन्छ। पाल्न सके बङ्गुरले नै आत्मनिर्भर बनाउने प्रशस्त आधार छन्", उहाँले भन्नुभयो।

**कृषि र पशुपालनमा साढे तीन करोड बजेट**

कालीगण्डकी गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको कृषि तथा पशुपालनको माध्यमबाट गरिबी निवारण गर्ने र समृद्धि हासिल गर्ने लक्ष्य छ संस्थाका कालीगण्डकी प्रमुख दीपक विश्वकर्माले गाउँपालिकाको रु दुई करोड ४५ लाख र हेफरको रु एक करोड पाँच लाखमा कृषि तथा पशुपालनका क्षेत्रमा काम भइरहेको बताउनुभयो।

गाउँपालिका र हेफरको संयुक्त साझेदारीमा विसं २०७९ चैत १७ गते आयोजना सुरु भएको थियो। "हालसम्म एक सय २४ वटा साना खोर तथा बङ्गुर र बाख्राका तीन-तीनवटा नमूना खोर निर्माण गरेका छौं। दुई सय ३० वटा बीउ बाख्रा र बीउका लागि एक सय ७० वटा बङ्गुरका पाठापाठी वितरण गरेका छौं", विश्वकर्माले भन्नुभयो। यसैगरी १२ वटा भैंसी र तीनवटा गाई खरिदमा ४० हजार अनुदान, नश्ल सुधारका लागि २९ वटा समूहमा बोका वितरण, २७ वटा भकारो निर्माण, साझेदार फार्म तथा व्यक्तिका लागि १५ वटा चापकटर र १० किलो काँटा वितरण, मिर्मीमा डेरी स्थापनाका लागि रु सात लाख अनुदान, बेल्टारीमा घाँस स्रोत केन्द्र स्थापना गरिएको उहाँले जानकारी दिनुभयो।

# पर्यटन प्रवर्द्धनका लागि आँधीमूलमा बृहत् ताल निर्माण सुरु

**पोखरापत्र संवाददाता**
दमौली, ६ असोज

तनहुँको धार्मिक पर्यटकीयस्थल आँधीमूलमा पर्यटन प्रवर्द्धनका लागि बृहत् ताल निर्माण गर्न लागिएको छ। आँबुखैरेनी गाउँपालिकाले वडा नं १ स्थित आँधीमूलमा १५ रोपनी क्षेत्रफलमा बृहत् ताल निर्माण सुरु गरेको हो।

चालु आर्थिक वर्षमा रु ४० लाख बजेट विनियोजन गरी ताल निर्माणको काम प्रारम्भ गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो। यहाँ ताल निर्माण गरी पर्यटकीय क्रियाकलाप सुरु गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो। "आँधीमूललाई धार्मिक गन्तव्यस्थलका रूपमा विकास गर्ने सोचसहित यहाँ ताल निर्माण सुरु गरिएको छ। चालु आर्थिक वर्षको अन्त्यसम्म तालले आकार लिने र दोस्रो चरणमा बाँकी पूर्वाधार निर्माणको काम अगाडि बढाउने छौं", अध्यक्ष चुमानले भन्नुभयो। उहाँले यहाँ पैदलमार्गलगायत अन्य पर्यटकीय पूर्वाधार निर्माण र विद्युत् उत्पादनका निजी क्षेत्रसँग साझेदारी गरी काम गर्ने सोच रहेको सुनाउनुभयो। आँधीमूल धार्मिक तथा पर्यटकीय व्यवस्थापन समितिका अध्यक्ष हिमाल थापाले यहाँ रहेको मन्दिरमा पूजाआजा तथा घुम्नका लागि विभिन्न ठाउँबाट पर्यटक आउने गरेको र ताल निर्माणपछि आन्तरिक पर्यटक वृद्धिमा थप टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँकानुसार मन्दिर परिसरमा रहेको पोखरीमा जलदेवताका रूपमा विश्वास गरिने माछा छन्। पोखरीको माछा मरेमा अनिवार्य रूपमा काजकिरिया गर्नुपर्ने संस्कार तथा प्रचलन रहेको छ। त्यसैले माछा मरेमा पुजारीले खाल्डो खनेर अन्त्येष्टि गर्दै आएका अध्यक्ष थापाले जानकारी दिनुभयो। प्राचीनकालदेखि नै यहाँस्थित रुखको फेदमा आँधीमूल बाराहीको पूजा गरिँदै आएकामा विसं २०३५ मा स्थानीय पाकुली परियारको विशेष सक्रियतामा मन्दिर निर्माण गरिएको थियो। यहाँ हरिबोधनी एकादशीका दिन फूलको डोली ल्याएर विसर्जन गर्ने एवं मन्दिर परिसरमा तोरण टाङ्ने कार्य चलिआएको छ। जल, जङ्गल, जमिनलाई पुज्दै आएका स्थानीय मगर समुदायले खेतबारीमा बाली लगाउने र भित्र्याउने समयमा पनि पूजाआजा गर्ने गरेका छन्। यहाँ दर्शन गरेमा मनले चिताएको पुग्ने विश्वासका कारण पछिल्ला वर्षमा देशका विभिन्न भागबाट दर्शनार्थी आउने क्रम बढ्दै गएको छ। पृथ्वीराजमार्गबाट नजिकै रहेका कारण यो ठाउँ पछिल्लो समय पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास हुन थालेको हो। पृथ्वीराजमार्गको सत्रसयबाट साढे दुई किलोमिटरको दूरीमा आँधीमूल रहेको छ। त्यसमध्ये करिब एक किलोमिटर दूरीमा कालोपत्र सम्पन्न भएको गाउँपालिकाले जनाएको छ।

यहाँ रहेको मन्दिर, २३ वटा धारालगायतले पर्यटकलाई लोभ्याउने गरेको छ। आँधीमूलमा ठूलो एकादशीका दिन पनि विशेष मेला लाग्ने गरेको छ। मन्दिरमा साउन महिना र औंसीबाहेकका सबै दिनमा पूजा हुने गर्छ। आँधीमूल देवीको मन्दिरमा परेवा उडाउने र बलि दिने प्रचलन पनि छ। धार्मिक तथा पर्यटकीयस्थल भएकाले पूजाअर्चनाका साथै वनभोजका लागि पनि यहाँ टाढा-टाढाबाट मानिस आउने गरेका छन्।

प्यागोडाशैलीको मन्दिर, पार्क, दुई पोखरी र माछाको आकृतिका २३ वटा धारालगायत संरचनाले यहाँको सुन्दरतामा थप महत्व थपेको छ। यहाँ तनहुँ, कास्की, स्याङ्जालगायत विभिन्न स्थानबाट दर्शनार्थी आउने गरेका व्यवस्थापन समितिका अध्यक्ष थापाले बताउनुभयो। "यहाँ दर्शन गरेमा मनले चिताएको विश्वास रहेकाले टाढा–टाढाबाट दर्शनार्थीहरू आउने गरेका छन्। पछिल्लो समय पर्यटकी पूर्वाधार निर्माण, सडक कालोपत्र भएकाले थप सहज भएको छ। अब ताल निर्माण भएमा थप आकर्षण गर्ने विश्वास छ", उहाँले भन्नुभयो।

# केयर मार्क हस्पिटलको रक्तदानमा १०१ यूनिट रंक्त संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

पोखरा लेकसाइडको केयर मार्क हस्पिटलको खुल्ला रंक्तदान कार्यक्रम २०८१ बाट १०१ यूनिट रंक्त संकलन भएको छ।

पोखराको लेकसाइडमा रहेको उक्त हस्पिटलको प्रथम बार्षिकोत्सवको अवसरमा आयोजित खुल्ला रंक्तदान कार्यक्रमबाट उक्त यूनिट रंक्त संकलन भएको हस्पिटलका अध्यक्ष जितु गुरुङले बताउनु भयो। उक्त कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष बिष्णु बहादुर भट्टराईले पहिलो रंक्तदाता सृष्टि शाही ठकुरीलाई ब्लड ब्याग हस्तान्तरण गर्दै पोखराको पर्यटकीय गन्तव्य लेकसाइडमा उक्त हस्पिटलले गुणस्तरिय सेवा दिएकोमा प्रशंसा गर्नुभयो। पोखरामा आउने पर्यटकहरुलाई लक्षित गरी स्थापना गरिएको उक्त हस्पिटलले आफ्नो सामाजिक उत्तरदाहित्व बहन गर्न सुझाव दिनु भयो। मेडिकल डाईरेक्टर डा.शंकर पोखरेलले हस्पिटलले पहिलो पटक रंक्तदान कार्यक्रम आयोजना गरेको बताउनु भयो। हस्पिटलले सामाजिक उत्तरदायित्व अर्न्तगत स्वास्थ्य शिविर देखि विभिन्न सामाजिक कार्य गर्दै आएको उहाँले जनाउनु भयो। हस्पिटलका मेडिकल अधिकृत डा.पुजा गुरूङले हस्पिटलमा हाल चिकित्सक सहित ३० जनाले रोजगार प्राप्त गरेको बताउनु भयो। हस्पिटलमा हाल १५ वेड संचालन भएको छ।

# विश्व पर्यटन दिवसमा बन्दीपुरमा सडक खाना महोत्सव

**पोखरापत्र संवाददाता**
दमौली, ६ असोज

विश्व पर्यटन दिवसका अवसरमा तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा सडक खाना महोत्सव हुने भएको छ। पर्यटन दिवसका अवसरमा यही असोज ११ गते बन्दीपुरमा सडक खाना महोत्सवका साथै विविध सांस्कृतिक कार्यक्रम हुन लागेको हो।

बन्दीपुर गाउँपालिका, बन्दीपुर पर्यटन विकास समितिको आयोजना तथा स्थानीय सङ्घसंस्थाको सहकार्यमा सडक खाना महोत्सव आयोजना गरिएको पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानले बताउनुभयो। उहाँले भन्नुभयो, "पर्यटन दिवसका अवसरमा बन्दीपुर आउने पर्यटकको स्वागत गर्दै विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिनेछ।" उहाँका अनुसार त्यस दिन बन्दीपुरका विभिन्न जातजातिका सांस्कृतिक झाँकी प्रस्तुत गरिनेछ। बन्दीपुरमा अब पर्यटकको याम सुरु हुन लागेकाले यहाँका व्यवसायी पर्यटकको स्वागतका लागि तयार रहेको उहाँको भनाइ छ। गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि कार्यक्रमले टेवा मिल्ने उल्लेख गर्नुभयो। थापाले भन्नुभयो, "गाउँपालिकाले बन्दीपुर आउने विदेशी पर्यटकका लागि यहाँका गन्तव्यस्थलबारे जानकारी दिन सजिलो होस् भन्ने हेतुले नौ भाषामा सामग्री तयार गरिसकेको छ।" गाउँपालिकाले नेपाली, चिनियाँ, अङ्ग्रेजी, फ्रेन्च, जर्मन, हिन्दी, स्पेनिस, सिन्हला र थाइ भाषामा बन्दीपुरका बारेमा सामग्री तयार गरेको छ। खड्देवी मन्दिर, थानीमाई मन्दिर, महालक्ष्मी मन्दिर, सिद्धगुफा मणि मुकुन्दसेन पैदलयात्रा (मिनी ग्रेटवाल), तीनधारा, झरना र पानीको फोहरा, टुँडिखेल, मणिमुकुन्द सेन दरबार, पदम पुस्तकालयलाई गाउँपालिकाले प्रमुख गन्तव्यका रुपमा सूचीकृत गरेको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिमा हाईमास्क बत्तीको तल २३ वटा चौतारी निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः हाईमास्क बत्तीको तल २३ वटा चौतारी निर्माण
ठेगानाः पोखरा महानगरपालिका
योजना शुरु मितिः २०८०/०४/०२ गते
योजना सम्पन्न भएको मितिः २०८०/११/२९ गते
योजनाको कुल लागतः रु. १६,२८,४८१/-
महानगरपालिकाबाटः रु. १७,००,०००/-
उपभोक्ता समितिको अध्यक्षः हिरा घले
सम्पर्क नं.: ९८५६०२३४४३
निर्माण समिति सदस्य संख्याः ७
महिलाः २, पुरुषः ५

**हाई स्मार्ट लाईटको मुनी बुटिक चौतारी निर्माण उपभोक्ता समिति पोखरा**

# कर्मफ्लाइटको १० औं बार्षिक साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, ६ असोज

कर्मफ्लाइटस फाउण्डेसन नेपाल, पोखरा कास्कीको १० औं वार्षिक साधारणसभा तथा सामाजिक परीक्षण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेश सभा सदस्य माननीय देवका पहारीले कर्मफ्लाइटले गरेका कर्म साँच्चै नै प्रंसशनीय रहेको बताइन् । उनले सरकार पुग्न नसकेको स्थानमा कर्मफ्लाइट्स फाउन्डेसन पुगेर शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको क्षेत्रमा बृहत् रूपमा काम गरेकोमा आफु खुसी भएको बताइन् । सोही कार्यक्रममा बाग्मती प्रदेशका पुर्व माननीय सभासद तथा युनिका फाउण्डेशन नेदरल्याण्डका नेपाल प्रमुख रमेश पौडेलले धेरै कर्म गर्ने संस्थाको रूपमा कर्मफ्लाइट्स फाउन्डेसन नेपालले कार्यक्रम गरेको बताउँदै सामाजिक क्षेत्रमा संस्थाले गरेको योगदान अतुलनीय रहेको बताए। साथै धैर्य र निरन्तरताले कार्यमा सफलता आएको उनले बताएका थिए । कार्यक्रममा गैरसहकारी संस्था महासंघ कास्कीका अध्यक्ष बुद्धि बहादुर थापा, पोखरा महानगरपालिका वडा नम्वर ६ का सदस्य पवित्रा थापा, वरिष्ठ पत्रकार रविन्द्र माकाजु, सम्मानित व्यक्तित्वको तर्फबाट स्वास्थ्य



दपर्ण मिडिया नेटवर्कका प्रमुख सन्दिप श्रेष्ठ, टान गण्डकी अध्यक्ष कृष्ण आचार्य, पोखरा पर्यटन परिषद्का कार्यसमिति सदस्य शेषकान्त शर्मा, ना गण्डकी अध्यक्ष अनिल केसी, रुकुम पुर्वका अभियन्ता कवि कर्मसही घर्ती मगर, प्रभात आधारभूत विद्यालयका शिक्षक कृष्णप्रसाद कोइराला, सामाजिक परिक्षक वविन नेपाली, अडिटर पदम बन्धु पोख्रेल, कवि शिव त्रिपाठी लगायतले आ-आफ्नो मन्तव्य दिएका थिए।

संस्थाका कार्यकारी निर्देशक प्रेम बहादुर कुँवरले संस्थाले वर्षभरि गरेका कार्यक्रमको बारेमा प्रतिवेदन तथा आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । गत वर्ष मात्र संस्थाले गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका ११ जिल्लाका विभिन्न स्थानीय निकायमा ४५० जना विद्यार्थीलाई आफन्तजन छात्रवृत्ति कार्यक्रम, २००० विद्यार्थीलाई न्यानो ज्याकेट वितरण, १० वटा विद्यालयमा पुस्तकालय स्थापना, तीनवटा विद्यालयमा अत्याधुनिक कम्प्यूटर ल्याब निर्माण, तीनवटा जिल्लाका समुदायमा बृहत् स्वास्थ्य शिविर र आँखा जाँच गरी ११० जनाको मोतीया बिन्दुको सफल शल्यक्रिया गरिएको, २० जना स्वास्थ्यकर्मीलाई प्यालियटीभ केयर तालिम, २००जना शिक्षकलाई आइसिटी सिप विकास तथा अन्तराष्ट्रियस्तरको शिक्षक तालिम, ११ वटा विद्यालयमा एष्ट्रोक्यामसहित टेलिस्कोप प्रदान, १५ परिवारलाई पाठासहितको माउबाख्रा वितरण तथा भूकम्प प्रभावित पाँच परिवारलाई अस्थाई आवास निर्माण र दुई वटा विद्यालयमा अस्ताई सिकाई केन्द्रको निर्माण लगायतका कार्यसम्पादन गरिएको कुरा निर्देशक कुँवरले बताए। उक्त कार्यक्रममा कर्मफ्लाइट्स फाउन्डेसन नेपालले सात जना विभिन्न सामाजिक व्यक्तित्वहरूलाई सम्मान गरेको थियो । समानित हुनेमा रेडियो सफलता १०३.४ मेगाहर्जका प्रबन्ध निर्देशक तथा पत्रकार दुर्गा अधिकारी, स्वास्य दर्पण नेटवर्कका चितवन निबासी बरिष्ठ स्वास्थ्य पत्रकार सन्जिब श्रेष्ठ, प्याराग्लिडिङ्ग प्रशिक्षक तथा उद्यमी सुरेन गुरुङ, पन्छी समरक्षणकर्मी अमन सुनार, कर्म ट्रेक्सका हिमाल आरोही राजु परियार, पूर्व कर्मचारी राजेश परियार र माइक्रो ल्याब कम्पनीलाई नगद तथा दोसल्ला र सम्मान-पत्रद्वारा सम्मान गरिएको थियो । सोहि अवसरमा छोम्रोङ्ग पर्यटन व्यवस्थापन समिति घान्द्रुकको मातहतमा रहनेगरि अन्नपुर्ण आधार शिविर पदयात्रामा सम्भावित विपतमा उद्दारको लागि सहयोगी हुने २ थान गुणस्तरीय स्ट्रेचर पनि हस्तान्तरण गरिएको थियो । कार्यक्रममा पोखराका कवि हिव त्रिपाठीको कविता वाचनले कार्यक्रममा रौनकता छाएको थियो । साथै कवि त्रिपाठीले संस्थाको 'एक विद्यालय, एक पुस्तकालय' मा करिब २५० प्रति किताब पनि सहयोग हस्तान्तरण गरेका थिए।

कार्यक्रम संस्थाका अध्यक्ष शर्मिला शर्माको अध्यक्षतामा तथा सञ्चालन कोषाध्यक्ष रेणुका कार्कीले गरेकी थिइन् भने स्वागत भाषण संस्थाका उपाध्यक्ष शिव थापाले गरेका थिए।

# अल्जाइमर रोग न्यूनीकरणका लागि सरकार र समुदायको सहकार्य आवश्यक

पोखरापत्र संवाददाता
पोखरा, ६ असोज

अल्जाइमर (बिर्सने) रोगको न्यूनीकरणका लागि सरकार र समुदायको सहकार्य आवश्यक रहेकामा जोड दिइएको छ।

विश्व अल्जाइमर दिवसका अवसरमा पोखरा वृद्धाश्रमद्वारा यहाँ आयोजित कार्यक्रममा मनिपाल शिक्षण अस्पतालका वरिष्ठ चिकित्सक डा देवेशचन्द्र घिमिरेले घरपरिवार, समुदाय एवम् सरकारको सहकार्यमा यसको न्यूनीकरण गर्न सकिने बताउनुभयो। उहाँले यस रोगका बारेमा विभिन्न भ्रम रहेकाले यो पूर्व जुनीको पाप वा सरुवा रोग नभएको स्पष्ट पार्नुभयो । कार्यक्रमका स्रोतव्यक्ति घिमिरेले बिर्सने रोगको तथ्याङ्क नेपालमा विश्वसनीय नरहे पनि संयुक्त राज्य अमेरिकामा यो डरलाग्दो ढङ्गले बढेको बताउनुभयो।

राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घका केन्द्रीय सचिव तथा प्रेस स्वतन्त्रता सेनानी कुसुम केशव पराजुलीले अल्जाइमर रोगको न्यूनीकरण तथा उपचारका लागि सरकार र समुदाय मिलेर काम गर्नुपर्ने बताउनुभयो। उक्त अवसरमा मनिपालमा अध्ययनरत विद्यार्थी विशेष श्रेष्ठ र उहाँको समूह, शुक्लेश्वर महादेव मन्दिर व्यवस्थापन समिति अलकापुरका अध्यक्ष विष्णुहरि सापकोटा पूर्वशिक्षक बुद्धि गिरी लगायतले रोट्र्याक संस्थामार्फत जनचेतना जगाउने नाटक मञ्चन गर्नुभएको थियो।

कार्यक्रममा गण्डकी ज्येष्ठ नागरिक सङ्घका उपाध्यक्ष धर्मबहादुर गुरुङ, आश्रमका कोषाध्यक्ष भीमप्रसाद सुवेदी, अलकापुर ज्येष्ठ नागरिक दिवासेवाका अध्यक्ष ढकाल, सिद्धिकुमार रेग्मी, थेरापिष्ट शान्ता अधिकारीलगायतले अल्जाइमर समस्या र स्याहारबारे धारणा राख्नुभएको थियो। गण्डकी प्रदेश र पोखराका ज्येष्ठ नागरिकसँग सरोकार राख्ने सङ्घसंस्थाहरू साथै चिकित्सक, नर्स, स्वयम् ज्येष्ठ नागरिकहरूको सहभागिता थियो।

# रेष्टुराँमा परिकार बनिरहेको अरिङ्गाल किन जोगाउनुपर्छ ?

रामबहादुर थापा
गण्डकी, ६ असोज/रासस

गाउँघरतिर अरिङ्गाल शिकार गर्नुलाई आँटिलो काम मानिन्छ । अरिङ्गालका गोला पोल्दा अरिङ्गालले टोकेर मृत्यु भएका घटना बेला-बेला सार्वजनिक भइरहन्छन् । ज्यानकै बाजी लगाएर अहिले पनि अरिङ्गालको शिकार गरिन्छ।

अरिङ्गालको लार्भा स्वादिष्ट र पौष्टिक मानिने हुँदा यसको शिकारमा मानिसहरु लालयित हुन्छन्। पछिल्लो समय होटल र रेष्टुराँमासमेत अरिङ्गालका परिकार पाइन थालेका छन् । कतिपयलाई अरिङ्गाल अर्थोपार्जनको माध्यम बनेको छ। किराँत समुदायमा त कुलपितृलाई अरिङ्गाल चढाउने चलन नै छ। विषालु भइकन पनि परागसेचन र पर्यावरणीय सन्तुलनमा मद्दत पुऱ्याइरहेको अरिङ्गालको अप्राकृतिक ढङ्गले शिकार भइरहेकामा जानकारहरुले भने चासो व्यक्त गरेका छन् । प्राकृतिक कूचीकार र रोगव्याधि नियन्त्रकसमेत मानिने अरिङ्गाललाई संरक्षण गरिनुपर्ने उनीहरुको भनाइ छ।

त्रिभुवन विश्वविद्यालयको प्राणी शास्त्र केन्द्रीय विभागका उप-प्राध्यापक डा इन्द्रप्रसाद सुवेदीले मौरी प्रजातिमा पर्ने अरिङ्गाल, बारुलालगायत किराको परागसेचनमा महत्वपूर्ण भूमिका रहेको बताउनुभयो। "पर्यावरणीय चक्रमा पनि किराफट्याङ्ग्राको महत्वपूर्ण भूमिका हुन्छ, बारुला र अरिङ्गालले बोटबिरुवामा लाग्ने कीटजन्य रोग नियन्त्रणमा पनि सहयोग गर्छन्", उहाँले भन्नुभयो, "प्रकृतिलाई सन्तुलित बनाउने किरा-फट्याङ्ग्राको संरक्षणमा समुदायमा सचेतना जगाउनु आवश्यक छ।"

व्यवस्थित शिकार गर्दैमा लोप नै हुने खतरा नरहेपनि घातक ढङ्गले शिकार गरेमा भने अरिङ्गाल हराउँदै जानसक्ने उहाँको भनाइ छ । डा सुवेदीले बासस्थानमा बाधा पुगेको र जिस्काएको अवस्थामा मात्र अरिङ्गालले मानिसलाई चिल्ने गरेको बताउनुभयो। "अरिङ्गालको टोकाइबाट मानिसको मृत्युसमेत हुने भएकाले यसप्रति मानिसहरुमा भयसँगै नकारात्मक धारणा व्याप्त छ", उहाँले भन्नुभयो, "असुरक्षाको महसुस भयो भने अरिङ्गालले पनि आफ्नो प्रतिरक्षा गर्छ, यो तरिका हरेक जीवजन्तुमा रहेको हुन्छ।" डा सुवेदीले नेपालमा मौरीमा जति अध्ययन/अनुसन्धान बारुला, अरिङ्गालगायत किरामा हुन नसेको बताउनुभयो। प्राकृतिक या मानवीय कारणबाट किराफट्याङ्ग्रा नासिँदै गएमा पारिस्थितिक पद्धतिमा असर पुग्ने उहाँको भनाइ छ।

डिभिजन वन कार्यालय, कास्कीका प्रमुख कोमलराज काफ्लेले वनजङ्गलमा पाइने जुनसुकै जीवजन्तु र कीटपतङ्ग नष्ट गर्नु कानुन विपरीत हुने बताउनुभयो। त्यस्ता कृयाकलाप राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन-२०२९ अनुसार दण्डनीय मानिने उहाँको भनाइ छ । "झट्ट सुन्दा किराफट्याङ्ग्राको विषय सामान्य जस्तो पनि लाग्न सक्छ, तर समुदायमा यसबारे सचेतनाको खाँचो छ, रुखमा आगो लगाएर अरिङ्गालको गोलो निकाल्नु पर्यावरणीय दृष्टिले पनि उपयुक्त छैन।" त्यस्तो कार्य गर्दा कतिपय ठाउँमा रुखका ठूल्ठूला हाँगा र बोटसमेत काट्ने गरिएको उहाँको भनाइ छ। प्रमख काफ्लेले गोरखा, म्याग्दीलगायत ठाउँका होटलहरुले अरिङ्गालका परिकार बेच्न थालेपछि सम्बन्धित जिल्लाका सरोकार भएका पक्षबीच छलफल चलाएको बताउनुभयो । "तत्काललाई कानुनी कारबाहीभन्दा पनि व्यवसायी र स्थानीयवासीहरुमा सचेतना अभिवृद्धि गर्ने निर्णय भएको छ", उहाँले भन्नुभयो "अप्राकृतिक र घातक तरिका अपनाएर अरिङ्गालको शिकार गर्नुहुँदैन ।" कार्यालयले विभिन्न स्थलमा उक्त विषयमा सचेतनामूलक सूचनापाटी पनि राखेको प्रमुख काफ्लेले बताउनुभयो। उहाँले मौरी अग्लो स्थानमा पुग्न नसक्ने हुँदा अग्ला रुख र भीरमा बस्ने अरिङ्गाले बोटबिरुवामा परागसेचन गराउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । "अरिङ्गाल गर्मी ठाउँमा पनि बाँच्न सक्ने ज्याद्रो स्वभावको हुन्छ, जलवायु परिवर्तनका कारण पृथ्वीको तापमान बढीरहेका बेला यस्ता कीटपतङ्गले पर्यावरण सन्तुलनमा सहयोग गर्छन् ।" प्रायः अग्ला रुख, पाखा र भीरपहरामा गोलो लगाएर बस्ने अरिङ्गालले आँप, नास्पती आदिका रुखमा बस्न बढी रुचाउने प्रमुख काफ्लेले बताउनुभयो।

चीनलगायत कतिपय देशमा घरघरमै अरिङ्गालको खेती गर्ने गरिएको उहाँले सुनाउनुभयो । विश्वभर किटपतङको घट्दो अवस्थाका कारण वनस्पतीजन्य उत्पादनमा ह्रास हुँदै आएको उहाँको भनाइ छ । अग्ला रुख, वनस्पती तथा स्थानहरुमा अरिङ्गाल, बारुलालगायत परागसेचनको मुख्य माध्यमका रुपमा रहेको प्रमुख काफ्लेले बताउनुभयो। पर्यावरण संरक्षणका साथै खानेकुराको उत्पादनमा किराफट्याङ्ग्राले महत्तवपूर्ण भूमिका रहेको उहाँको भनाइ छ।

"सामान्यतया एक गोला अरिङ्गालले एक दिनमा तीन हजारभदा बढी लामखुट्टे तथा हानिकारक किराहरु खाइ प्राकृतिक सन्तुलन कायम गर्न मद्दत गर्ने अध्ययनले देखाएको छ", उहाँले भन्नुभयो, "किराफट्याङ्गा भएनन् भने परावसेचन हुन नपाइ रोगबिरुवामा फल नै लाग्दैन, ती नहुँदा प्रकृति र मानज जाति पनि रहँदैन ।" अरिङ्गालको टोकाइबाट मानिसको मृत्युसमेत हुने भएकाले वनजङ्गलमा रमाइरहेको किरालाई जभाभावी नजिस्काउन र शिकार नगर्न उहाँले सुझाउनुभयो।

शिक्षण अस्पतालका चिकित्सक मिलेर गरेको एक अनुसन्धानले अरिङ्गालको टोकाइबाट घाइते हुनेमध्ये २५ प्रतिशत मानिसको मृत्यु हुने गरेको देखाएको प्रमुख काफ्लेले बताउनुभयो । अरिङ्गालको खिलमा हुने 'मेलेटिन' र 'एपामिन' नामक विषालु पदार्थले मानिस वा अन्य जन्तुको कोषलाई छेड्ने र रक्तनली हुँदै मस्तिष्कसम्म पुगेर रक्तसञ्चारमा अवरोध गर्ने विभिन्न स्वास्थ्य अनुसन्धानको प्रतिवेदनमा उल्लेख छ । सामुदायिक वन उपभोक्ता महासङ्घका केन्द्रीय सदस्य प्रेम लामिछानेले पछिल्लो समय वनजङ्गलमा अरिङ्गालका गोला कम देखिन थालेको सुनाउनुभयो। "अरिङ्गाल पोलेर खाने चलन पहिलेदेखिकै हो, अहिले पनि फाट्टफुट्ट रुपमा शिकार गर्ने गरिएको छ", उहाँले भन्नुभयो, "आगो लगाएर बोटबिरुवामै हानी पुग्ने गरी अरिङ्गालको शिकार गर्नु उपयुक्त छैन, यसतर्फ समुदाय नै सजग रहनुपर्छ ।" वन क्षेत्रका महत्वपूर्ण मुद्दा पनि ओझेलमा पारिएको भन्दै उहाँले पर्यावरणसँग जोडिएका स-साना विषय नियामक निकायहरुको पनि प्राथमिकता नपरेको उल्लेख गर्नुभयो।

नेपालमा अरिङ्गाल/बारुलाका ११ प्रजाति रहेको बताइन्छ। यी दुई प्रजाति साउनदेखि मङ्सिरसम्म बढी सक्रिय हुने गरेका छन् । अरिङ्गालको देख्न सक्ने क्षमता धेरै हुने र यामअनुसार बासस्थान फेर्ने गरेको जानकारहरु बताउँछन्। फुलबाट लार्भा, लार्भाबाट प्युपा र प्युपाबाट बयस्क हुनु अरिङ्गालको जीवनचक्र हो । अरिङ्गालले मौरी, झिङ्गा आदि किरालाई आहार बनाउने गरेको छ। पहाडी भेगमा रातो र कालो गरी दुई थरी अरिङ्गाल पाइने गरेका छन्।

# आठौं विश्वकर्मा कप भलिबल प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ६ असोज

विश्वकर्मा समाज नेपाल केन्द्रीय कार्यालय कास्कीद्धारा आयोजित आठौं विश्वकर्मा कप भलिवल प्रतियोगिता एवम् विविध कार्यक्रम सम्पन्न भएको छ।

उक्त कार्यक्रम विश्वकर्मा पर्वको उपलक्ष्यमा असोज १ गतेदेखि ४ गतेसम्म संचालन भएको थियो। समाजका केन्द्रीय अध्यक्ष रन बहादुर विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रममा १७ टिमको सहभागिता रहको थियो । कार्यक्रममा छेलो हान्ने, महिलाद्धारा रस्सी तान्ने तथा विविध सांस्कृतिक कार्यक्रमहरु समेत भएका थिए । भगवान विश्वकर्माको पूजा गरी बाजागाजाका साथ भव्य रुपमा उद्घाटन भएको कार्यक्रममा पहिलो र अन्तिम दिनको प्रमुख अतिथि वडा नं.२९ का अध्यक्ष



श्री प्रसाद गुरुङ हुनुहुन्थ्यो। उहाँले तेस्रो पटक उक्त क्षेत्रमा खेलकुद कार्यक्रम आयोजना भएकोमा खुसी व्यक्त गर्दे धन्यवाद व्यक्त गर्दै यस्ता कार्यक्रमको निरन्तरता र आफूले पनि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । दोस्रो दिनको प्रमुख अतिथि लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष विनोद श्रेष्ठ र तेस्रो दिनका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. १५ का अध्यक्ष तोरण वहादुर बानिया रहनुभएको थियो । उहाँहरुले खेलको महत्व र आवश्यक सहयोगका बारेमा मन्तव्य राख्नुभएको थियो । कार्यक्रमका संयोजक उपाध्यक्ष बेल बहादुर विश्वकर्मा, सहसंयोजक सदस्य रोहण घताने र खेलकुद तथा सचिवालय संयोजक जीवन घिमिरे र सहसंयोजक सचिव शरण विश्वकर्मा रहनुभएको थियो।

कार्यक्रम कार्यसमितिका पदाधिकारीहरु संरक्षक एवम् सल्लाहकारहरु, महिला समिति, पटनेरीका विश्वकर्मा समाज एवम् आमासमुहहरु विभिन्न संघसंस्थाहरु, सहयोगी एवम् सौजन्य दाताहरु र आम खेलकुदप्रेमी दर्शक एवम् कलाकारहरुको उल्लेख्य उपस्थिति रहेको थियो।

कार्यक्रममा प्रथम हुने टिमलाई पचास हजार शिल्ड, मेडल र प्रमाणपत्र, द्धितीय हुने टिमलाई तीस हजार शिल्ड, मेडल र प्रमाणपत्र साथै उत्कृष्ट हुने खेलाडीलाई नगद, प्रमाण पत्र तथा मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रमको संचालन खेलकुद संयोजक सचिव जीवन घिमिरेले गर्नुभएको थियो। अध्यक्ष रन बहादुर विश्वकर्माले कार्यक्रम पूर्ण रुपमा सफल भएकोमा सम्पूर्ण सहयोगी व्यक्ति एवम् संघसंस्थाहरु लगायत सबैलाई धन्यवाद व्यक्त गर्नुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य कार्यक्रम एव आर्थिक संयोजक वेल बहादुर विश्वकर्माले गर्नुभएको थियो।

# सामुदायिक सेवा जिल्ला समन्वयमा सम्मान तथा बधाई

पोखरापत्र संवाददाता
पोखरा, ६ असोज

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीले सम्मान तथा बधाई कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक मोहन कुमार थापालाई सम्मान गरिएको थियो।

कार्यक्रममा प्रमुख अतिथी जिल्ला प्रशासन कार्यालय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले सम्मान पत्र, सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीका अध्यक्ष भिम पराजुली र प्रेस सल्लाहकार श्याम कुँवरले अविर लगाई सम्मान गर्नुभएको



थियो। कार्यक्रममा हालै सम्पन्न अधिवेशनबाट सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगर, लेखनाथ र हेमजमा निर्वाचित पदाधिकारी तथा सदस्यलाई बधाई ज्ञापन गरिएको थियो । सामुदायिक सेवा केन्द्र वगरबाट रामप्रसाद अधिकारी, लेखनाथबाट गंगा कुमारी खनाल हेमजाबाट देविप्रसाद अधिकारी नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको थियो । यसैगरी कार्यक्रममा शसस्त्र प्रहरी वल कालिका गणमा आउनु भएका शसस्त्र प्रहरी नायव उपरीक्षक राजन मान श्रेष्ठ, वडा प्रहरी कार्यालय वगरमा आउनुभएका प्रमुख प्रहरी निरीक्षक देवराज भट्टराई र जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीमा आउनुभएकी प्रमुख प्रहरी निरीक्षक शोभा पाण्डेलाई स्वागत गरिएको थियो। कार्यक्रमा जिल्ला प्रशाशन कार्यलय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले समुदायमा सचेतना फैलाउन सामुदायिक केन्द्रले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो। सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा लेखनाथकी अध्यक्ष गंगा कुमारी खनालले सामुदायिकको मर्म अनुसारनै काम गर्दै आएको बताउनुभयो । सामुदायिक प्रहरी सेवा एवम् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वयव कास्कीका अध्यक्ष भिम पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष ज्ञानेन्द्र वजगाईले स्वागत र महासचिव घनश्याम तिमिल्सिनाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।